IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com

तीनै तहका सरकार जिम्मेवार;
अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत १० गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 23 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०७

## चिल्ड्रेन पार्क महानगर आफैंले सञ्चालन गर्ने

नीतेश कर्ण, वीरगंज, ९ चैत/

मझौला शहर एकीकृत शहरी सञ्चालनमा नल्याएको नगरप्रमुख सरावगीले बताए। उनले आगामी दिनमा नगरप्रमुख सरावगीले भने। गत अढाई वर्षदेखि सञ्चालन हुन नसकेको पार्कमा



वीरगंज महानगर-४ भगवतीटोलमा रहेको चिल्ड्रेन पार्क। तस्वीरः प्रतीक

वातावरणीय योजना अन्तर्गत वीरगंज महानगर-४ भगवतीटोलमा निर्मित चिल्ड्रेन पार्क उद्घाटन भएको अढाई वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन।

करीब रु १५ करोडको खर्चमा निर्मित सो पार्क २०७५ असोज २० गते नगरप्रमुख विजयकुमार सरावगीले उद्घाटन गरेका थिए। त्यस लगत्तै महानगरपालिकाले पार्क सञ्चालनको लागि पटक-पटक टेन्डर आह्वान गरे पनि अहिलेसम्म कसैले पनि टेन्डर सकार गरेको छैन। पछिल्लोपटक गरिएको टेन्डरमा सकार गर्नेले जम्मा गरेको साढे ६ लाख रुपैयाँ धरौटी जफत गराएको तर पार्क सो पार्क महानगरपालिकाले अमानतमा सञ्चालन गर्ने बताए।



नगरप्रमुख विजयकुमार सरावगी

टेन्डर निकालेर थाक्यौं, अब महानगर आफैंले सञ्चालन गर्छ, अहिले टोलछिमेकका बालबालिकाहरूको रजाइँ छ। योसँगै लागूऔषध प्रयोगकर्ता र जुवाडेहरूले अखडा जमाएका छन्। पार्कमा भएका शौचालयका सामानहरू तोडफोड र चोरी भएका छन् भने प्रयोगमा नआएका कारण पार्कका विभिन्न स्थान बिग्रँदै गएको छ। नगरप्रमुख सरावगीले पार्कको निगरानीको लागि तीनजना कर्मचारी खटाइएको तर रातिपख उपद्रो गर्नेहरू बढी सक्रिय हुने गरेको बताए। उनले मरम्मत सम्भार गरेर पार्क व्यवस्थित तरीकाले नगरपालिका आफैंले सञ्चालन गर्ने बताए। अहिले सो पार्क मर्निङ वाकको लागि मात्र खुला गरिन्छ।

## सडक विस्तारपछि वनक्षेत्र मासिंदै

प्रस, निजगढ, ९ चैत/

निजगढ-तामागढी-सिम्रौनगढ अन्तर्गतको सडक लामो समयपछि कालोपत्रे भएपछि वनक्षेत्र अतिक्रमणको उच्च चपेटामा पर्न सक्ने सम्भावना रहेको छ।



निजगढ-तामागढी वनक्षेत्र अतिक्रमणको दृश्य। तस्वीरः प्रतीक

राजमार्गमा जोडिएको निजगढस्थित सो सडकको तामागढीमा पसल, व्यवसायको नाममा वनक्षेत्र अतिक्रमण बढ्ने सम्भावना बढेको हो। सो सडक निर्माणको क्रममा सडकको दुवै किनारसम्म ग्रेभल भरेसँगै वनक्षेत्रको जमीन अतिक्रमण बढेको हो। अटो, भ्यानहरूसमेत यसरी सडक छेउछाउमा नै ग्राहकको प्रतीक्षामा पार्किङ गर्दै आइरहेका छन्। जसको कारण वनक्षेत्र अतिक्रमण बढ्न सक्ने देखिएको छ। मानवीय हिसाबले पार्किङ गर्न दिइँदा वनक्षेत्र अतिक्रमण बढ्न सक्ने अवस्था सिर्जना भएको तामागढी सबडिभिजन वन कार्यालय निजगढका प्रमुख एवं सहायक वन अधिकृत हरिशङ्कर साहले बताए।

दुई/चार वटा अटो हुँदै एक दर्जन अटो पार्किङ भइरहँदा पार्किङको व्यवस्था अन्यत्र स्थानमा गर्नुपर्ने उनले बताए। वनक्षेत्र अतिक्रमण हुने तरीका यही हो। सामान्य पसल घुम्ती हुँदै संरचना बनाउँदै जाने भएकोले पनि वन कार्यालयले निगरानी बढाइरहेको वन अधिकृत साहले बताए। यसरी वनक्षेत्रमा पार्किङ गरिएकाले बस, अटोबाट आवतजावत गर्ने यात्रुहरूले वनक्षेत्रमा शौच गर्दा दुर्गन्ध बढ्दै गएको छ।

विगतका वर्षदेखि नै कोल्हवी, सपही, अधनवा, हिमालीवास, खैरा, दुधिअवा, विजयपुरलगायत दक्षिणी भेगबाट अन्यत्र स्थान आवतजावत गर्नेहरूको केन्द्रबिन्दु निजगढस्थित तामागढी वनक्षेत्रको सडक बन्दै आइरहेको छ। सडक निर्माणसँगै मानिसहरूको आवतजावत बाक्लिंदै गएसँगै यातायातका साधनहरूसमेत वृद्धि भइरहेको छ। तर शौचका लागि संरचना र पिउने पानीको उचित व्यवस्था छैन।

तामागढी वन कार्यालयले यात्रुहरूका लागि राखिदिएको एउटा धारा छ। डीप बोरिङबाट निकालिएको पानीलाई टङ्कीसम्म सङ्कलन गर्न विद्युत् खपत हुन्छ। पिउनका लागि राखिएको धारामा अटो, गाडी धुने, कपडा धुने र पसलेहरूले समेत पानी भर्ने गर्दा पानीको खपत बढी भई विद्युतीय बील बढी आउँदा समस्या हुने गरेको वन कर्मचारीहरूले बताए।

प्रतिमहीना कम्तीमा पनि २ हजारदेखि ४ हजार ४५ सय रुपैयाँसम्म उठ्ने गरेको छ। यात्रुहरूका लागि पिउने पानी उपलब्ध गराउन कुनै समस्या भएन। तर पानी पिउनेभन्दा अन्य कार्यका लागि प्रयोग गर्दा समस्या निम्तिएको सहायक वन अधिकृत साहले बताए। देख्दासम्म रोकेका छौं। काम गर्ने क्रममा नदेख्दा पिउने पानीको दुरुपयोग हुने गर्दा समस्या आएको उनले बताए। "पानी तान्न विद्युत् प्रयोग गरे बापतको पुरानो बक्यौता रकममध्ये केही साताअघि मात्र १ लाख १० हजार रुपैयाँ तिरेको र गत मङ्सिर, पुस, माघ, फागुन महीनाको मात्रै २६ हजार ५६१ रुपैयाँ ३४ पैसा विद्युत्को बील उठेको छ," सहायक वन अधिकृत साहले बताए।

यात्रुहरूका लागि राखिदिएको धारा हटाउँदा अर्को समस्या, राखिदिंदा रकम तिर्ने समस्या रहेको उनले बताए।

## गत वर्षको तुलना पर्सामा अपराध बढ्दो

प्रस, वीरगंज, ९ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साको तथ्याङ्क अनुसार गत वर्षको तुलना यस वर्ष अपराधका घटनामा वृद्धि भएको छ। जिप्रका पर्साले उपलब्ध गराएको तथ्याङ्क अनुसार चालू आवको ६ महीनामा गत वर्षको तुलनामा अपराधको सङ्ख्या बढेको हो।

गत आवमा दर्ता भएका सबैखाले अपराधका घटनामा १ हजार ८१ वटा मुद्दा दर्ता भएको थियो भने चालू आवको ६ महीनामा ६०५ वटा मुद्दा दर्ता भएको छ।

गत वर्षको तुलना गर्ने हो भने यस वर्ष २ सयवटा मुद्दा बढी दर्ता भएको तथ्याङ्कले देखाउँछ।

जिप्रका, पर्साका अनुसार गत वर्ष कर्तव्य ज्यान, ज्यान मार्ने उद्योगका ४५ वटा मुद्दा दर्ता भए भने चालू आवको ६ महीनामा २९ वटा मुद्दा दर्ता भए। यसैगरी, विषसेवन, झुन्डिएर, आगो लगाइ र हाम फालेर आत्महत्या गर्नेको सङ्ख्या गत वर्ष ९५ वटा रह्यो भने यस वर्ष ६६ वटा मुद्दा दर्ता भए।

यसैगरी, भवितव्य ज्यान, फुटकर ज्यान, सवारी ज्यान र ज्यानसम्बन्धी मुद्दा गत वर्ष १२० वटा दर्ता भए भने चालू आवको ६ महीनामा ७२ वटा मुद्दा दर्ता भए। जबरजस्ती करणी, उद्योग,



जिल्ला प्रहरी कार्यालय, पर्सा।

बाल यौन दुर्व्यवहार, अप्राकृतिक मैथुन, यौन दुर्व्यवहार, जबरजस्ती करणी उद्योग, ज्यान मार्ने उद्योग, अपहरण तथा जबरजस्ती करणीका मुद्दामा गत वर्ष ४९ वटा मुद्दा दर्ता भए भने यस वर्षको ६ महीनामा २६ वटा दर्ता भइसके।

यसैगरी, लागूऔषधमा गत वर्ष १११, वित्तीय कारोबार हुन्डीमा २४, सार्वजनिक शान्तिविरुद्धको मुद्दामा ३६५ वटा मुद्दा दर्ता भए भने चालू आवको ६ महीनामा क्रमशः ७२, ८, २ सयवटा मुद्दा दर्ता भए। बैंकिङ कसूरमा गत वर्ष ९० वटा मुद्दा दर्ता भएको थियो भने चालू आवमा ४० वटा तथा ठगी, सङ्गठित अपराध मुद्दामा २२ वटा मुद्दा दर्ता भएको थियो भने चालू आवको ६ महीनामा ११ वटा मुद्दा दर्ता भएको थियो।

## कोरोना नियन्त्रण नभए लकडाउन हुन सक्छ

प्रस, वीरगंज, ९ चैत/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले कोरोनाविरुद्धको अभियान तत्कालै सञ्चालन गर्नुपर्ने बताएका छन्।

प्रतीकसँग कुराकानी गर्ने क्रममा




नगरप्रमुख सरावगीले लामो समयपछि वीरगंजमा १४ जनामा कोरोना सङ्क्रमण भेटिएको बताए। उनले अहिले भेटिएका कोरोना सङ्क्रमितहरूको स्वरूप भिन्न खाले भएकाले यसबारेमा चिन्तित हुनुपर्ने बताए। होली पर्व नजिकिएको र सीमा भएर नेपाली भारत जाने र भारतीयहरू नेपाल आउने क्रम बढेकाले सजकता अपनाउन सुझाव दिए। उनले दुवैतर्फबाट मानिसको आउजाउ हुने हुनाले सङ्क्रमण ल्याउने र लैजाने क्रम हुने भन्दै तत्कालै यस सम्बन्धमा सजगता अपनाउनुपर्ने बताए।

उनले यसबारेमा आफूले प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएको बताए। अबका दिनमा सामाजिक दूरी कायम गर्ने, विसङ्क्रमित गर्ने र भीडभाड कम गर्ने जस्ता कोरोनाविरुद्ध पूर्ववत् सतर्कता अपनाउनुपर्ने बताएका छन्।

वीरगंज महानगर स्वास्थ्य महाशाखाका प्रमुख अरुण महतोले कोभिड न्यूनीकरणको लागि वीरगंज महानगरपालिकाले आगामी दिनमा सशक्त कदम उठाउने बताए। उनले विगतमा महानगरपालिकाले कोभिड रोकथाममा गतिलो काम गरेको दाबी गरे। उनले महानगरले आफ्नो शक्ति र सामर्थ्यले भ्याएसम्म कोभिड नियन्त्रणमा काम गर्ने जानकारी गराए।

यसैबीच, स्वास्थ्य महाशाखा प्रमुख महतोले विगतमा कोभिड नियन्त्रणमा खटेका सबैजनाको जोखिम भत्ता भुक्तानी भएको दाबी गरे। उनले व्यक्तिको नाममा एकाउन्टपेयी चेक पठाएको र भुक्तानी गर्ने संस्थाले नदिएको भन्दै उनले कसैको नाममा जोखिम भत्ता बाँकी नरहेको बताए।

अस्ताउनु त एक दिन सबैलाई छ, मानिस होस् वा सूर्य । तर सूर्यसँग सबक सिक्नुपर्छ, प्रत्येक दिन अस्ताएर पनि दोस्रो दिन पुनः उदित हुन्छ ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## विचित्रको प्रवृत्ति

**नेपाल विश्वमा सबैभन्दा भ्रष्ट मुलुक होइन, कानून मान्दै नमान्ने मुलुक पनि होइन, कसैको डर–धाकमा परेर आफ्नो अधिकार छोड्ने यहाँको जनता शक्तिहीन पनि छैन । यस देशमा पटकपटक राजनीतिक आन्दोलन भए, मानिसले शहादत दिए । सम्पूर्ण देशका लागि मात्र होइन, सानो परिधिको मधेसी जनताको हितरक्षार्थ पनि बेलाबेला भएका आन्दोलनमा वीर मधेसीहरूले बलिदान दिए । तर दुःखद कुरा सार्वजनिक हितको सन्दर्भमा भने हामी समग्र नेपाली नै पानीमरुवा साबित हुँदै आएका छौं । देशमा नियम छ, कानून छ, सुरक्षा निकाय छ, न्यायपालिका छ, तर सार्वजनिक हितमा प्रयोग हुने वा भविष्यमा हुन सक्ने सम्पत्तिको दुर्दशाका लागि कोही जिम्मेवार बनेर देखाउने चेष्टा गर्दैन । राजधानीदेखि सुदूर हिमाली भूभाग होस् वा अनकन्टार देहातको ग्रामीण इलाका, आज देशभरि भूमाफियाहरूको बिगबिगी छ । परोक्ष सबै तिनलाई गाली गर्छन् तर तिनले गरेको कर्तूतलाई व्यक्ति त के, ठूलो हैकम भएको राजनीतिज्ञ वा दबङ्ग हाकिम कसैले तह लगाउन सक्दैन । गाउँ–नगरको कुरै छाडौं देशको शक्तिशाली प्रधानमन्त्री निवासको जग्गासमेत भूमाफियाले खाइदियो, सरकार अहिलेसम्म कारबाई चलाउने प्रक्रियामैं अल्झेको छ ।**

**धेरै टाढाको कुरा होइन, राणाकालमा अति विघ्न र पञ्चायती व्यवस्थाको प्रारम्भसम्म पनि सरकारी मालमत्ता, सार्वजनिक सम्पत्तिमाथि कसैले कर्के आँखासम्म लगाउने आँट गर्दैनथ्यो । देश जतिजति कानूनमय बन्दै गयो, देशमा जतिजति आन्दोलनहरू हुँदै गए, देश र जनताको सरोकारका लागि जति व्यवस्थाहरू आए, ती सब अवस्थामा सार्वजनिक सम्पत्तिको चरम दुरुपयोग मात्र भयो । आफ्नो एक इन्च जग्गा कसैले च्यापेको छ भने जीवनभर मुद्दा खेपेका मानिस आज पनि जीवित छन् तर उनीहरू सार्वजनिक जग्गा इन्चमा होइन, किलोमिटरमा मिचिंदा पनि स्पन्दित हुँदैनन् । भर्खरै भूमाफियाहरूले पर्सा जिल्लाको ढोंगही नदीको धार परिवर्तन गरिदिए । यसरी भूमाफियाहरूको पाँच बिघा जग्गा नोक्सान भयो तर परिवर्तित धारबाट उकास भएको २५ बिघा जग्गा उनीहरूले कब्जा गरे । सुनिन्छ त्यो जग्गा कसबाट हो उनीहरूले खरीद पनि गरे अर्थात् उनीहरूको नाममा रजिस्ट्री पास भइसकेको छ । कसैको नाममा नयाँ रजिस्ट्री पास हुनुको अर्थ हो, कसैले उसलाई बेचेको छ । तर जसको कोही मालिक नै छैन, त्यसलाई कसले बिक्री गऱ्यो ? त्यो जग्गा सरकारको हुन्छ । कुनै पनि सरकारको मन्त्रिमण्डलले पास नगरुन्जेल सरकारी जग्गा व्यक्तिको नाममा पास हुनै सक्दैन, हाम्रो कानूनले भन्छ । तर पनि हुन्छ । वीरगंजको माईराम पोखरी वरिपरिको जग्गामा ठूला–ठूला महल ठडिए । त्यो जग्गा खरीद गर्ने मानिस त देखिन्छ तर बिक्री गर्ने को हो, आजसम्म रजिस्ट्री पास गरिदिने मालपोत कार्यालयले पनि बताउन सकेको छैन । नेपाल अमेरिकाजस्तो विकसित मुलुक पनि होइन कि जग्गा खरीद बिक्रीका लागि एटिएम प्रणाली होस् र जसलाई जुन जग्गा मन पर्छ, उसले मेशिनमा पैसा हालेर खरीद गर्न सकोस् । कुरा स्पष्ट छ, मालपोत र खरीदकर्ता (प्रायः भूमाफिया) मिलेर यस्तो गर्छन् । सबैलाई थाहा छ, तर जग्गा फिर्ता हुँदैन । लापरवाहीवश त्यस्तो हुन गएको छ भने पनि मालपोतका हाकिमलाई कानूनप्रदत्त अधिकार छ, उसले रजिस्ट्री रद्द गर्न सक्छ । सामान्य जनतालाई नियम मिलेन भनेर गरीब जनतालाई वर्षौं कुदाउन सक्ने मालपोत कार्यालय कानूनमैं नभएको यस्तो अनियमितता हटाउन अघि सर्दै सर्दैन ।**

# यर्थाथमा परिवर्तनको बाधक

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**नेता तथा सरकार सत्ता स्वार्थको लागि आपसमा विवाद गरी रुमलिएका छन् । जनता र देशको समस्यामा गम्भीर नहुनु पनि नेपाली लोकतन्त्रको दुर्भाग्य हो । अहिले मुलुकमा जनताले जम्मा तीनवटा दललाई राष्ट्रिय दलको मान्यता दिएको हुँदा ती दलहरूले नै लोकतन्त्रको कमजोर कडीलाई मजबुत पार्नुपर्छ ।**

२००४ सालदेखि संस्थागत लोकतन्त्रको लागि जनताले सङ्घर्ष गर्दै आए पनि, अद्यापि नेपाली लोकतन्त्र मजबुत भइ नसकेको अनुभव छ । अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भए पनि यसले दिगोपना पाउला भन्ने कुरामा धेरै लोकतन्त्र पक्षधरलाई आशङ्का छ भने राजावादीहरू त अब दलहरू असफल भए, राजाको विकल्प छैन, राजा आऊ देश बचाऊ नारा घन्काउन थालेका छन् । सङ्घीय गणतन्त्रको पहिलो पूर्ण बहुमतको सरकारले अल्पायुमैं संसद् विघटन गरेपछि परिवर्तन पुनः धरापमा पऱ्यो भन्ने चिन्ता बढेको थियो तर न्यायपालिकाले ६६ दिनपछि संसद् स्थापना गर्ने निर्णय गरेर जनतामा आशा जगाइदिएको छ । संसद् पुनर्स्थापना भएपछि नेताहरूमा चेत आउला र स्थायी सरकार बनाई मुलुकलाई समृद्धितर्फ लैजाला भन्ने अपेक्षामा पनि तुषारापात हुँदै गएको छ किनभने संसद् पुनर्स्थापना पछि फेरि सरकार ढाल्ने र बनाउने खेल शुरू भएको छ । दलहरूमा गुटबन्दी शुरू भएको छ । आफ्नो दलको एकता कायम राख्नुभन्दा विभाजन भएरै पनि सत्तामा जाने चाहना बढी देखिएको छ । अहिले कुनै दलको पूर्ण बहुमत नभएपछि ठूलो दलले अर्को दलको समर्थन लिई सरकारमा जाने अथवा दल विभाजन गरेर भएपनि बहुमत पुऱ्याउने अवस्था सिर्जना भएको छ । यसबाट देश र जनताको हितभन्दा सत्ता स्वार्थ हावी भएको पुष्टि हुन्छ जुन २००७ देखि २०१५ र २०४६ देखि २०६३ को फोहोरी अवस्था हो ।

यस्तो वातावरणले परिवर्तन ओझेलमा पर्ने गरेको छ । यसको प्रमुख कारण सत्ता स्वार्थ एवं पम्परागत मानिसकता हो । रक्सी उही, तर बोतल फेरिएकोजस्तो मात्र हो । यसर्थ अब वास्तविक स्थायित्वका लागि मानसिकतामा नै परिवर्तन गर्नुपर्छ । यर्थाथवादी विधिशास्त्रले भने अनुसार कानून भनेको यथार्थ हो । कानूनमा के व्यवस्था लेखिएको छ, त्यो महत्त्वपूर्ण होइन, अदालतले के फैसला गर्छ त्यो नै यथार्थमा कानून हो । कानूनमा लेखिएका कुराभन्दा अदालतले गरेको फैसला नै बढी व्यावहारिक हुन्छ । पीडित पक्षलाई कानूनको प्रावधानभन्दा उसको पीडाको उपचारको लागि अदालतले के निर्णय गरेको छ त्यसमा उसको ध्यान केन्द्रित हुन्छ । उसको जित नै उसको लागि कानून हुन्छ । परिवर्तनको लागि पद्धति कस्तो छ त्योभन्दा जनता र देश कति सन्तुष्ट छ, त्यो महत्त्वपूर्ण हो । देशमा पटक–पटक व्यवस्था परिवर्तन भयो तर सरकार नै स्थायी हुन सकेन भने जनता र देशको चाहना कसरी पूरा हुन्छ । विचार गर्नुपर्छ परिवर्तनका वाहकहरूले जनतालाई सन्तुष्ट पार्न सके कि सकेनन् । यदि जनता सन्तुष्ट छैन भने आफ्नो कमजोरी बुझी सुधारका लागि पहल गर्नुपर्छ । विपगत हेर्दा राजनीतिक नेतृत्वको अदूरदर्शिताको कारण नै कुनै पनि परिवर्तन संस्थागत हुन सकेको छैन । अनि मुलुक पनि समृद्धिको मार्गमा बढ्न सकेको छैन । यद्यपि परिवर्तनका वाहक राजनीतिक नेतृत्व नै हुन् ।

२००७ सालमा नेपालमा प्रजातन्त्रको बीजारोपण भयो । जसमा कोपिला नलाग्दै नेताहरू विभाजित भए । एक मात्र बलियो पार्टीका नेताहरू नै विभाजित भए । कोही राजासँग मिले, कोही लोकतन्त्रको पक्षमा सङ्घर्ष गरिरहे । २००७ देखिको आपसी विवादको कारण बल्लतल्ल २०१५ मा लोकतान्त्रिक संविधान जारी भयो । संविधान पूर्ण थिए र राजा महेन्द्रले जनता निर्वाचित बलियो सरकारलाई २०१७ साल पूरा नहुँदै अपदस्थ गरी २०१९ मा पञ्चायती संविधान लागू गरे । जसलाई हटाउन पटकपटक आन्दोलन भयो ।

२०३६ सालमा जनमत सङ्ग्रह भयो जसमा नेताहरूकै आन्तरिक विवाद एवं बाह्य सहयोगबाट बहुदलीय व्यवस्था पराजित भयो । २०४६ को आन्दोलनले सफलता पाई प्रजातन्त्र पुनर्बहाल भयो । जसमा पुनः केही दलीय शक्ति असन्तुष्ट नै रह्यो । त्यसै असन्तुष्टिका कारण २०५२ फागुन १ देखि माओवादी जनयुद्ध शुरू भयो । दलहरूको आन्तरिक कलह एवं खिचातानीको कारण संसद्मा पूर्ण बहुमत रहेको नेपाली काङ्ग्रेसले मध्यावधि निर्वाचन गरायो । यसबाट मुलुकले आर्थिक भार र अस्थिरता बेहोऱ्यो भने जनतालाई निराश तुल्यायो । दमन एवं विभेद चरम बढ्यो । फलस्वरूप माओवादी विरोधले मलजल पायो । माओवादी गतिविधि बढ्दै गयो र प्रजातान्त्रिक सरकार कमजोर हुँदै अन्तमा अन्य दलहरू पनि माओवादीसँग मिल्न बाध्य भए । यी शक्ति र माओवादीको संयुक्त आन्दोलनले सफलता पायो, संविधानसभा निर्वाचन भयो र संविधान जारी भयो ।

एकात्मक राजतन्त्र समाप्त गरी सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्था लागू भयो । जुन पूर्णरूपले नयाँ व्यवस्था थियो र मुलुकको लागि ठूलो चुनौती । यो चुनौतीको सामना दलहरूले एकबद्ध भई नयाँ व्यवस्थालाई संस्थागत गर्नुपर्ने थियो । तर दुर्भाग्य ! संविधान जारी हुने बित्तिकै दलहरू विभाजित भए । दलहरू विभाजित भएपनि जनताले सुशासन एवं स्थिर सरकारको लागि एउटा पार्टीलाई पूर्ण बहुमत दियो । अहिले त्यही बहुमत प्राप्त पार्टीबीच चरम कलह उत्पन्न भएको छ । जसलाई हेरेर जनता दिक्क हुन पुगेको छ । मुलुक अति जटिल मोडमा पुगेको छ र दलहरूबीच कलहले गर्दा सङ्घीय गणतन्त्र नै खतरामा पर्ने आशङ्का उत्पन्न हुन थालेको छ । केही विद्वान्हरू त सङ्घीय व्यवस्था खारेज गरी एकात्मक लागू गर्ने पक्षमा उभिन थालेका छन् । यो सोच बहुसङ्ख्यक जनताको मनसाय विपरीत हो ।

सङ्घीय व्यवस्थामा अराजकता देखिनु, खर्चहरू बढेजस्तो लागेपनि विकास पनि भएको छ । कमसेकम अहिले हरेक ठाउँमा रोड–नालाको निर्माण भएको छ, स्थानीय तहमा रोजगारको अवसर सिर्जना भएको छ । आन्तरिक स्रोतबाट स्थानीय सरकारले आम्दानी जुटाइरहेको छ । यसले जनतामा करको भार बढाएपनि सेवा सुविधा पनि सहज पारेको छ । काठमाडौंबाट प्राप्त हुने सेवा आफ्नै पालिका र प्रदेश सरकारबाट प्राप्त भइरहेको छ ।

नेपाली लोकतन्त्र कमजोर हुने मुख्य कडी विदेशी परनिर्भरता हो; छिमेकी मुलुकहरूको स्वार्थ हो; नेताहरूको आन्तरिक कलह र मुलुकको आर्थिक अवस्था कमजोर हुनु हो । नेताहरूबीच मेलमिलाप नहुनुको मुख्य कारण व्यक्तिगत स्वार्थ हो । हरेक दल तथा नेताको एक मात्र उद्देश्य देश र जनताको सेवा हुनुपर्छ । देश र जनताको सेवालाई सबैले प्राथमिकता दिने हो भने स्वार्थ टकराउने अवस्था हुँदैन । स्वार्थ टकराउने अवस्था आएन भने नेताहरूबीच विवाद हुँदैन । विवाद भएन भने आन्तरिक कलह हुँदैन । एकजना विद्वान्ले भनेका छन्, दुश्मनी हटाउने एकमात्र उपाय दुश्मनलाई साथी बनाउनु हो । यहाँ त नभएको विवाद सिर्जना गरी दुश्मनी गरिन्छ । एउटाले राम्रो काम गऱ्यो भने त्यसलाई उत्साहित गर्नुको साटो हतोत्साहित पार्ने सोच क्रियाशील हुन थाल्छ । नेताहरू बेलाबखत एकता पनि गर्छन्, तर त्यसलाई स्थायित्व दिंदैनन् । जसको मुख्य कारण व्यक्तिगत स्वार्थ हो । दलका नेता तथा सरकार सत्ता स्वार्थको लागि आपसमा विवाद गरी रुमलिएका छन् । जनता र देशको समस्यामा गम्भीर नहुनु पनि नेपाली लोकतन्त्रको दुर्भाग्य हो । अहिले मुलुकमा जनताले जम्मा तीनवटा दललाई राष्ट्रिय दलको मान्यता दिएको हुँदा ती दलहरूले नै लोकतन्त्रको कमजोर कडीलाई मजबुत पार्नुपर्छ ।

# राष्ट्रपति भण्डारीसँग बङ्गलादेशी प्रधानमन्त्रीको भेटवार्ता

ढाका, ९ चैत/रासस

बङ्गलादेशको राजकीय भ्रमणमा रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीसँग सोमवार राजधानी ढाकास्थित होटेल कन्टिनेन्टलमा बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले शिष्टाचार भेटवार्ता गरेकी छन् । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र बङ्गलादेशका लागि नेपाली राजदूत डा वंशीधर मिश्र, बङ्गलादेशका विदेशमन्त्री डा एके अब्दुल मोमेनसहित दुवै देशका उच्चस्तरीय प्रतिनिधि सहभागी भेटवार्ताका क्रममा दुई देशबीचको आपसी सम्बन्ध, पारस्परिक सहयोग र सहकार्यका विषयमा कुराकानी भएको छ ।



राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेटवार्ताअघि स्वागत गर्दै बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना । तस्वीरः रासस

आजै यहाँका विदेशमन्त्री डा मोमेनले राष्ट्रपति भण्डारीसँग अलग्गै शिष्टाचार भेटवार्ता गरेका थिए । बङ्गलादेशका राष्ट्रपिता शेख मुजिबुर रहमानको जन्मशताब्दीका अवसरमा आयोजित विशेष समारोहमा बङ्गलादेशी राष्ट्रपति मोहम्मद अब्दुल हमिदको मैत्रीपूर्ण निमन्त्रणमा राष्ट्रपति भण्डारी आज यहाँ आइपुगेकी हुन् ।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको विशेष विमानबाट यहाँ आइपुगेकी राष्ट्रपति भण्डारीलाई बङ्गलादेशका राष्ट्रपति हमिदले ढाकास्थित हजरत सहजलाल अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए । राष्ट्रपति भण्डारी आजै बङ्गलादेशका राष्ट्रपति हमिदसँग द्विपक्षीय भेटवार्ता गरिन् भने द्विपक्षीय सम्झौता समारोहमा सहभागी भइन् । दुई देशबीच पर्यटन, कृषि र संस्कृतिका क्षेत्रमा आपसी सम्झौता भएको छ । राष्ट्रपतिको भ्रमण दलमा राष्ट्रपतिकी पुत्री उषाकिरण भण्डारी, परराष्ट्रमन्त्री ज्ञवालीलगायत उच्च सरकारी अधिकारी सम्मिलित छन् । भ्रमण टोलीमा १९ कलाकर्मी र तीनजना सञ्चारकर्मीसहित ५४ जना सदस्य छन् ।

## बाङ्गोपन पनि चाहिन्छ

पाठक प्रतिक्रिया

८ गते प्रतीकको लेख 'सरल बनौं, बाङ्गो होइन' पढें । रूसोले भनेका छन्– मान्छे स्वतन्त्र पैदा हुन्छ, तर जीवनभरि जन्जिरमा बाँधिएको हुन्छ । म भन्न चाहन्छु– मान्छे सरल त पैदा हुन्छ तर जीवनभरि उसको सरलताको दुरुपयोग हुन्छ । अतः केवल कमजोरी छोप्न मात्र होइन, दुरुपयोग रोक्न पनि अलिकति बाङ्गो हुनुलाई म बेठीक मान्दिनँ । जीवनमरणको दोसाँधमा परेको एउटा डोंड साँपलाई गोमनले सोध्यो– तिम्रो यो हालत कसले बनायो ? डोंड साँपले भन्यो– मान्छेले । तिम्रोजस्तो विष ममा छैन । गोमनले भन्यो– हे मूर्ख, विष नभएर के भो, फुप्कार्न त सक्थ्यौ नि ! मान्छे त्यतिमैं कुलेलम ठोक्छ । कमजोरी छोप्न मात्र होइन, आत्मरक्षाको लागि पनि बाङ्गो हुनु जरुरी छ ।

गैलिलियोले चर्च र अदालतको गलत कुरा पनि स्वीकारे र बाँचेर धेरै काम गरे । गाँधी सरल थिए । यस्तो सरल कि अङ्गरक्षक पनि नचाहिने । गोडसेले सजिलै मारिदिए । जिन्ना र नेहरूलाई मार्न सकेनन् । उनीहरूसँग अङ्गरक्षक थिए, बाङ्गोपन थियो । अतः बाङ्गोपन कमजोरी छोप्ने कुरा मात्र होइन । निजी स्वार्थको लागि प्रयोग हुने बाङ्गोपन गलत हो । यदि त्यसले समष्टिको भलो गर्छ भने राम्रो हो । झूट बोलेर पनि कुनै अस्पतालमा भर्ती बिरामीको ज्यान बचाउन कुनै कन्जुस धन्नासेठसँग पैसा प्राप्त गर्न सकिन्छ भने म झूट बोल्न तयार छु । झूट सबैभन्दा ठूलो बाङ्गोपन हो ।

कबीर कमालसँय गहुँ चोर्न गए । चोरीपछि उनले कमाललाई चोरीको कुरा घरमालिकलाई जानकारी दिन अऱ्हाए । कमाल पुर्पुरोमा हात राखेर थचक्क बसे । यस्तो सरलताले कबीरले त भगवान् पाउलान्, कमाललाई गहुँ जुर्नेछैन ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# टाँगियाबस्ती क्षेत्रमा वन पैदावर हानिनोक्सानी बढ्दै

प्रस, निजगढ, ९ चैत/

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने भनिएको टाँगियाबस्ती आसपासका वनक्षेत्रमा पाँच महीनायता ठूलो परिमाणमा काठ चोरी तस्करी भएको वन कार्यालयको रेकर्डले देखाएको छ।

यही चैत ४ गते ५ थान २५.८ क्यूफिट, गत फागुन १७ गते ५ थान २७.७२ क्यूफिट, माघ १६ गते ११ थान ६०.७४ क्यूफिट, माघ १५ गते १४ थान ४१.६० क्यूफिट, पुस १२ गते २३ थान १२२.३७ क्यूफिट, मङ्सिर २६ गते १३ थान १०२.३६ क्यूफिट, कात्तिक २४ गते ५ थान २७.७० क्यूफिट गरी ४०८.२९ क्यूफिट सालको गोलिया वन कर्मचारीले नियन्त्रणमा लिन सफल भए। जसबाट हालको बजार मूल्य अनुसार १६ लाख ३३ हजार १६० रुपैयाँ हुन आउँछ।



वनक्षेत्रमा तस्करहरूले काटेर राखेको सालको गोलिया। तस्वीरः जीतलाल श्रेष्ठ

यही रेकर्ड अनुसारको वन पैदावर चोर तस्कर समूहले लैजान सफल नभए पनि आधा परिमाणमा गोलिया भने चोर तस्करले लैजान सफल भएको वन कर्मचारीहरूको अनुमान छ। टाँगियाबस्ती आसपासका वनक्षेत्रबाट सालको गोलिया चोरी तस्करीका घटनाहरू दोहोरिरहनुमा पेशेवर काठ तस्करहरूको समूह सक्रिय भएको देखिन्छ। तस्करहरूले सालको गोलिया निजगढ, सिमरा, जीतपुर, पिपरा, कलैयालगायतका समिलहरूमा पुगाउने गरेको वन कर्मचारीहरूको अनुमान छ।

राजमार्ग सडकबाट नै वनक्षेत्रमा गाडी हुलेर गोलिया चोरी तस्करी रोक्न डिभिजन वन कार्यालय बाराले एक्साभेटरको प्रयोग गरी चोरी हुन सक्ने सम्भावित स्थानको पहिचान गरि ट्रेन्च खनेको छ। राजमार्गको काटघाट, १२ किलोमिटर, १५, १४, १६ किलोमिटरलगायत अन्य स्थानमा वन पैदावर सुरक्षित गर्न ट्रेन्च खनिएको हो।

२४सैं घण्टा वनगस्ती गरिरहे पनि चोर तस्कर समूहले झुक्याउँदै वन पैदावर चोरी तस्करी गर्न सक्ने भएकोले ट्रेन्च खनेको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए। "हामीसँग भएका साधन स्रोतको प्रयोग गर्दै वनगस्तीलाई प्रभावकारी बनाइरहेका छौं," उनले भने।

# विश्व पानी दिवस मनाइयो

काठमाडौं, ९ चैत/रासस

प्रत्येक वर्ष मार्च २२ तारिखका दिन मनाइने विश्व पानी दिवस सोमवार विश्वभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइयो।




विश्वमा देखा परेको स्वच्छ खानेपानीको सङ्कट र यसको समाधानमा व्यक्ति, समुदाय, विभिन्न तहका सरकार तथा गैरसरकारी क्षेत्रलाई सजग, सचेत, सक्षम र सबल बनाउनका लागि संयुक्त राष्ट्रसङ्घले सन् १९९३ देखि मार्च २२ लाई विश्व पानी दिवसका रूपमा मनाउन थालेको हो।

यस वर्षको पानी दिवसको नारा 'मूल्यवान् पानी' रहेको छ। हामीले यसका लागि जति मूल्य तिर्छौं, त्योभन्दा बढी स्वच्छ खानेपानीको महत्त्व छ भन्ने तथ्य आम नागरिकलाई बुझाउनुपर्ने यथार्थलाई आत्मसात् गर्दै संयुक्त राष्ट्रसङ्घले यो नारा तय गरेको जनाइएको छ।

पानी पृथ्वीको सर्वश्रेष्ठ प्राणी मानिसका लागि मात्र नभई सबै जीव र वनस्पतिको जीवनको आधार हो। चेतनशील प्राणीका रूपमा मानवको जीवनका क्रियाकलाप पनि पानीमा निर्भर रहन्छन्। हाम्रा घरायसी क्रियाकलाप, खेतीपाती र पशुपालन जस्ता कृषि प्रणाली, स्वास्थ्य र आर्थिक क्रियाकलापदेखि धार्मिक एवं सांस्कृतिक संस्कारमा गर्भावस्थादेखि मरणोपरान्तसम्म पानीको आवश्यकता पर्दछ। पृथ्वीको दुई तिहाइ भूभाग पानीले ओगटेको भएपनि स्वच्छ पानीका स्रोत कम छन्। असावधानीपूर्वक थालिएका विकास प्रयास र मानवीय हस्तक्षेपका कारणले भएका सीमित स्वच्छ पानीका स्रोतसमेत प्रदूषित भएका छन्। स्वच्छ पानी र गुणस्तरीय मानवजीवनको महत्त्व दर्शाउनका लागि नै विश्व खानेपानी दिवस मनाउन थालिएको हो।

संयुक्त राष्ट्रसङ्घले सन २०३० सम्म

(बाँकी चौथो पातामा)

# नवदीप एकेडमीका विद्यार्थीहरूको निश्शुल्क स्वास्थ्य चेकजाँच

प्रस, वीरगंज, ९ चैत/

नवदीप एकेडमीले आफ्ना विद्यार्थीहरूको निश्शुल्क स्वास्थ्य चेकजाँच गरेको छ।

प्रभु हस्पिटलको सहयोगमा कक्षा ३ देखि ८ सम्मका ४ सय विद्यार्थीको स्वास्थ्य चेकजाँच गरिएको हो।

शिविरमा स्त्रीरोग विशेषज्ञ, मुटुरोग विशेषज्ञ, छालारोग विशेषज्ञ र दन्त चिकित्सकले विद्यार्थीको स्वास्थ्य चेकजाँच गरेका थिए।

चेकजाँच गर्ने चिकित्सकहरूमा डा. लक्ष्मी थापा, डा राधा भट्टराई, डा आरपी जैसवाल, डा अजय अस्थाना थिए। शिविरको सहजीकरण मुस्कान साहले गरेकी थिइन्।



तस्वीरः प्रतीक

कार्यक्रममा सहभागीहरूलाई प्रधानाध्यापक सुशीला साहले स्वागत गरेकी थिइन्।


# नेपालसहित चार नेतालाई सोधियो स्पष्टीकरण

काठमाडौं, ९ चैत/रासस

नेकपा (एमाले)ले माधवकुमार नेपालसहित चार नेतालाई सोमवार पार्टीविपरीतका गतिविधि गरेको भनी स्पष्टीकरण सोधेको छ। नेता भीमबहादुर रावल, सुरेन्द्रप्रसाद पाण्डे र घनश्याम भुसालगायतलाई पार्टीविपरीतका गतिविधि गरेको भनी स्पष्टीकरणका लागि आज पत्र पठाइएको एमाले कार्यालयकी सचिव ईश्वरी रिजालले जानकारी दिइन्।

उनका अनुसार महासचिव ईश्वर पोखरेलले चारै नेतालाई स्पष्टीकरण सोधी पत्र पठाएका थिए। यही चैत ७ गते बसेको केन्द्रीय कमिटी बैठकले पार्टीविपरीतका गतिविधि गरेको जनाउँदै ती नेतालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। उनीहरू चारैजनालाई तीन दिनभित्र लिखित जवाफ पठाउन भनिएको उनले बताइन्।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)लाई सर्वोच्च अदालतले गत फागुन २३ गते मान्यता नदिई एमाले र नेकपा (माओवादी केन्द्र)लाई पहिलेकै अवस्थामा ब्यूँताएपछि एमालेका अध्यक्ष केपीशर्मा ओली र अर्का नेता नेपालबीच तिक्तता पैदा भएको छ। नेता नेपाललगायत नेता प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओलीको प्रतिनिधिसभा



विघटन गर्ने निर्णयविरुद्ध उभिएका थिए।

एमाले ब्यूँतिएपछि फागुन २८ गते बसेको एमालेको केन्द्रीय कमिटी बैठकमा माओवादी केन्द्रका नेता रामबहादुर थापा, टोपबहादुर रायमाझी, प्रभु साह, मणिचन्द्र थापालगायत २३ जनालाई केन्द्रीय सदस्यमा आफ्नो सहभागिताविना मनोनयन गरिएको भनी नेपाल समूह असन्तुष्ट हुँदै आइरहेको छ। नेपाल समूहले पार्टीमा समानान्तर गतिविधि सञ्चालन गर्दै आएको छ।

# ग्यास चुलो र सिलिन्डर वितरण

प्रस, कलैया, ९ चैत/

कलैया उपमहानगरपालिका–२ का ५५ घरधुरीलाई ६३ वटा ग्यास चुलो र सिलिन्डर वितरण गरिएको छ।

उपमहानगरका प्रमुख राजेश यादवले ५५ घरपरिवारलाई ६३ वटा ग्यास चुलो र सिलिन्डर हस्तान्तरण गरेका हुन्। सो टोलका वासीले दाउरा, गुइँठाबाट खाना पकाउँदै आएका कारण उनीहरूलाई धूवाँरहित ग्यास चुलो सिलिन्डरसहित उपलब्ध गराइएको नगरप्रमुख यादवले बताए।



तस्वीरः सौजन्य

उपप्रमुख रहिमा खातुनले महिलालाई लक्षित गरेर आफूले काम गर्दै आएको दाबी गरिन्। उनले महिलालाई सशक्त बनाउन उनीहरूमा जनचेतनामूलक कार्यक्रमका साथै सहयोगात्मक भावनाले कार्यक्रम गरेको बताइन्।

वडाध्यक्ष राजेश महतोले जनचाहना अनुरूप वडामा कार्यक्रम गरेको र आगामी दिनमा पनि सोहीअनुरूप काम गर्ने प्रतिबद्धता जाहेर गरे।

# बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

प्रस, रौतहट, ९ चैत/

आइतवार राति बसले मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मोटरसाइकल चालक चन्द्रपुर नगरपालिका–१ वाग्मती डाँडाटोलका ३४ वर्षीय कुमार लुङ्गेलीको मृत्यु भएको प्रहरीले जनाएको छ।

चन्द्रपुर नगरपालिका–१ स्थित सडकखण्डमा ग.१ख ६४४७ नम्बरको बसले प्रदेश २–०३–०११ प ७८७९ नम्बरको मोटरसाइकललाई आइतवार राति ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते लुङ्गेलीको चपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इप्रका चपुरले जनाएको छ।

दुर्घटनामा घाइते सोही ठाउँ बस्ने २७ वर्षीय जयबहादुर दर्लामीको नेशनल मेडिकल कलेज वीरगंजमा उपचार भइरहेको छ। बस र चालकलाई तत्कालै प्रहरीले नियन्त्रणमा लिएको छ।


# गाँजासहित तीनजना पक्राउ

प्रस, सर्लाही, ९ चैत/

सर्लाहीको लालबन्दीमा १५ किलो गाँजासहित तीनजना पक्राउ परेका छन्। विशेष सुराकीको आधारमा खटिएको प्रहरी टोलीले लालबन्दी नगरपालिका–१७ स्थित रानीगंजबाट ज.१ह ४६०९ नं.को अटोमा सवार तीनजनालाई गाँजासहित नियन्त्रणमा लिएको हो।

पक्राउ पर्ने अटोचालक सोही स्थान निवासी ४५ वर्षीय पुष्पबहादुर फुयाँल, यात्रु ४० वर्षीय सुरेन्द्रकुमार बल र लालबन्दी–१४ निवासी ४१ वर्षीय पाल्साङ पाख्रिन छन्।

अटोमा यात्रुको लगेज जस्तै गरी राखिएको झोलाभित्र १५ किलो गाँजा बरामद भएको सर्लाहीका प्रहरी प्रवक्ता मदन कुँवरले जानकारी दिए। पक्राउ परेकाहरूको साथबाट नगद २५ हजारसमेत बरामद भएको प्रवक्ता कुँवरले बताए।



**सिपराज बुँगेचरा** : पोखरा महानगरपालिका–६ जरेवरस्थित फूलको बोडमा सिपराज बुँगेचरा। तस्वीरः रासस

# आगामी शताब्दीका भविष्य कथन

**उनान्सयको फेरः के अन्तिम फेर**

डुम्जडेः १९९९ नामबाट एउटा पुस्तक चार्ल्स बर्लिटजले लेखेका छन् । यस पुस्तकमा उनले सन् १९८९ देखि १९९९ र त्यसपछि एक वर्ष समय महापरिवर्तनकारी बताएका छन् । यो पुस्तक आजभन्दा ६ वर्षपहिले प्रकाशित भएको थियो तर हामी १९८९ मा प्रवेश गरिसकेका छौं, यस पुस्तकको प्रतिपादन अहिले पनि त्यत्तिकै प्रासङ्गिक छ एवं ध्यान दिन योग्य छ । एक प्रकारले यो ग्रन्थ विद्वान् लेखकद्वारा विभिन्न मनीषिका अमित, पूर्वानुमान एवं तर्कमाथि आधारित प्रमाणको सङ्कलन हो ।

उनले बाइबलको भविष्यवाणी एवं चिरपुरातन बेबीलोनको सभ्यताको अध्ययनद्वारा प्राप्त ज्योतिर्विज्ञानको गणनामा आधारित क्यालेन्डरको निष्कर्षको हवाला दिंदै लेखेका छन् कि हाम्रो तारामण्डलको एउटा चक्र लगभग सेप्टेम्बर २००१ मा पूरा हुन्छ । यसको १२ वर्षीय पूर्वकालीन समयमा व्यापक उलटपुलट एवं त्यसपछि एउटा नवयुगको शुभारम्भ हुने कुरा उनले ज्योतिर्विदहरूको भविष्यवाणीको आधार मान्दै भनेका छन् ।

आजभन्दा दुई हजारभन्दा बढी वर्ष पहिले पृथ्वीको तापमान बढ्ने, जलप्रलयजस्तो दृश्य देखिने एवं दैवी प्रकोपको बीसौं सदीको अन्त्यमा बाहुल्यको कुरा कसरी लेखिएको थियो यो जानेर आश्चर्य लाग्छ । श्री बर्लिटज लेख्छन्– यो सोचेर लाग्छ कि कतै यसपटक उनान्सयको फेरले कुनै निकै ठूलो ताण्डव त देखाउँदैन । यसको ठोस आधारको रूपमा विभिन्न भविष्यवक्ता, आकलन तथा गणनाको हवाला दिइएका छन्, जुन सबै संयोगबाट एक्काइसौं सदीको शुभारम्भबाट नै सङ्गति खान्छ । उनी लेख्छन्– बौद्ध धर्मको ग्रन्थलाई पल्टाउँदा यही निष्कर्ष निस्किन्छ कि बुद्धावतारको उत्तरार्ध अब प्रकट हुँदैछ, यी ग्रन्थ अनुसार गौतमबुद्धको २५ सय वर्षपछि अर्को बुद्धको आगमन हुन्छ । यो मैत्रेय नामले प्रकट हुन्छ र उनले नै नवयुगको सुरुआत गर्छन् । तिब्बतका मानिसमा यो मान्यता छ कि १३औं दलाई लामापछि यो युग समाप्त हुन्छ र नयाँ जीवन पद्धति आरम्भ हुन्छ । आउने वर्षले नै बताउँछ के हुन्छ, के हुँदैन ?

## युग परिवर्तन कसरी र कहिले

**एक्काइसौं सदी अर्थात् एन्युमिलेनियम**

यस आशयको मन्तव्य प्रकट गर्दै सोभियत प्रेसबाट प्रकाशित 'स्पुतनिक' मासिक पत्रिका (जनवरी १९८९)मा 'फर द सेक अफ मैन इन द ट्वान्टी फर्स्ट सेन्चुरी' शीर्षकमा एउटा सम्पादकीय टिप्पणी प्रकाशित भएको छ, जसमा एक्काइसौं शताब्दीमा मनुष्यको उज्ज्वल भविष्यको सम्भावना प्रकट गरिएको छ । यी नयाँ शताब्दीलाई त्यसमा एन्युमिलेनियम नामबाट सम्बोधित गरिएको छ । जसको अभिप्रायः स्वर्णयुग अथवा सतयुगबाट हुन्छ । यसमा उल्लेख छ कि नवयुगको शुभारम्भभन्दा पहिले संसारमा अनेकानेक प्रकारका क्रान्तिकारी परिवर्तन हुनेछन् । आजको अनगढ मनुष्य भोलि यति समझदार, सुयोग्य एवं सुशिक्षित हुनेछन् कि संसारको राम्रो–नराम्रोलाई राम्ररी बुझ्न सक्छन् । अनुचितलाई छाडेर उचित ग्रहण गर्ने विवेक बुद्धिको विकास गर्न सक्छन् । उसमा जीवनको सदुपयोगको सुझबुझ जाग्नेछ । सामाजिक उत्तरदायित्वलाई पूरा गर्ने प्रवृत्तिको विकास हुनेछ । भविष्यलाई स्वस्थ, सुन्दर र सुखमय बनाउने प्रेरणा जाग्नेछ । सामुदायिक प्रवृत्तिलाई प्रोत्साहन मिल्नेछ । उत्पादन क्षमतामा अभिवृद्धि हुनेछ । औद्योगीकरणलाई बढावा मिल्नेछ, जसबाट मानिसको आवश्यकताको पूर्ति सजिलै हुनेछ । स्वास्थ्य, शिक्षा र आवास व्यवस्थाको सुविधामा कुनै प्रकारको भावग्रस्तताको सामना गर्नुपर्ने छैन । बुढेसकाललाई कष्ट साध्य बन्न दिइनेछैन । सामाजिक सुरक्षा सबैले समानरूपले पाउनेछन् ।

पत्रिकाका सम्पादकको भनाइ छ कि यस शताब्दीको अन्त्यसम्म सम्पूर्ण विश्वमा नैतिक, बौद्धिक एवं सामाजिक क्रान्तिको वातावरण बन्नेछ । मानिसमा धार्मिक एवं सांस्कृतिक चेतनाको विकास हुन्छ, जसको फलस्वरूप रूसमा पनि ईश्वर विश्वासको सत्प्रेरणा पलाउनेछ । राष्ट्रको भौतिक प्रगति हुन्छ साथै बौद्धिक एवं सांस्कृतिक पाटोको नयाँ सिराबाट निर्धारण हुनेछ, जसबाट एक्काइसौं शताब्दीमा मानिस आशावादी एवं आस्थावादी दृष्टिकोणको साथ बाँच्न सक्नेछन् ।

**मानिसमा धार्मिक एवं सांस्कृतिक चेतनाको विकास हुन्छ, जसको फलस्वरूप रूसमा पनि ईश्वर विश्वासको सत्प्रेरणा पलाउनेछ । राष्ट्रको भौतिक प्रगति हुन्छ साथै बौद्धिक एवं सांस्कृतिक पाटोको नयाँ सिराबाट निर्धारण हुनेछ, जसबाट एक्काइसौं शताब्दीमा मानिस आशावादी एवं आस्थावादी दृष्टिकोणको साथ बाँच्न सक्नेछन् ।**

# तीन दिने व्यावसायिक तरकारीखेती तालीम

प्रस, वीरगंज, ९ चैत/

वीरगंज महानगरपालिका कृषि महाशाखाको आयोजनामा आइतवारदेखि तीन दिने व्यावसायिक तरकारीखेती तालीम शुरू भएको छ ।




तालीमको उद्घाटन गर्दै नगरप्रमुख विजयकुमार सरावगीले निम्न आय भएका किसानहरू व्यावसायिक तरकारीखेती गरेर आत्मनिर्भर बन्न सक्ने बताए । उनले व्यावसायिक तरकारीखेतीबाट निम्न आय भएका किसानहरूको आर्थिक स्तरमा सुधार आउने दाबी गरे ।

नगरप्रमुख सरावगीले परम्परागत खेती गर्ने परिपाटीले लागत नउठ्दा किसानहरूमा निराशा छाउने गरेको बताए । उनले व्यावसायिक कृषि खेती गर्ने तरीका अवलम्बन गरेको खण्डमा आम्दानीको स्रोत बढ्न सक्ने बताए ।

तीन दिनसम्म हुने तालीममा कृषिसम्बन्धी आवश्यक ज्ञान र सीप सिकेर त्यसलाई व्यवहारमा लागू गर्न उनले सुझाए । कृषि महाशाखाकी प्रमुख उर्मिला श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य तथा सामाजिक महाशाखा प्रमुख अरुणाकुमार महतोलगायतको सहभागिता थियो ।

# लागूऔषधसहित युवक पक्राउ

प्रस, वीरगंज, ९ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले लागूऔषधसहित एकजना युवकलाई पक्राउ गरेको जनाएको छ ।

आइतवार साँझ वीरगंज–१६ इनर्वा गाउँबाट धादिङ जिल्ला नीलकण्ठ नगरपालिका–८ बस्ने २६ वर्षीय शिव नेपालीलाई लागूऔषध डाइजेपाम, नुर्फिन, प्रोमाथाइजिनसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ ।

नेपालीले बोकेको झोला खानतलाशी गर्दा झोलाबाट डाइजेपाम ६३ एम्पुल, नुर्फिन ६२ एम्पुल र प्रोमाथाइजिन ६३ एम्पुल बरामद भएको र निजविरुद्ध लागूऔषध मुद्दामा थप अनुसन्धान भइरहेको जिप्रका, पर्साले जानकारी गराएको छ ।



लागूऔषधसहित पक्राउ परेका नेपाली । तस्वीर सौजन्यः जिप्रका पर्सा

## विश्व पानी दिवस.....

विश्वका सबै जनसङ्ख्यालाई स्वच्छ खानेपानी र सरसफाइको सुविधा उपलब्ध गराउने कार्यक्रम ल्याएको छ । दिगो विकास लक्ष्यका कार्यक्रम अन्तर्गतको यो लक्ष्य हासिल गर्न नेपालले १५औं आयोजनामा पानीका उपलब्ध स्रोतको संरक्षण, संवर्द्धन र किफायती उपयोग गर्ने नीति, रणनीति, कार्यक्रम र योजना तय गरेको छ । यस अन्तर्गत सतहको पानी, वर्षाको आकाशे पानी, सतहमुनिको पानी तीनवटै स्रोतको उपयोग गर्ने नीति लिइएको छ । दिवसका अवसरमा नेपालमा पनि सरकारी, सामाजिक र निजी क्षेत्रबाट पनि विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको जनाइएको छ ।



**नेपाली कलाकारको प्रस्तुति** : बङ्गलादेशका राष्ट्रपिता बङ्गबन्धु शेख मुजिबुर रहमानको जन्म शतवार्षिकीका अवसरमा बङ्गलादेशको राजकीय भ्रमणका सिलसिलामा राष्ट्रपति विद्यादेवी भण्डारी र बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल उपस्थित विशेष समारोहमा कला प्रस्तुत गर्दै नेपाली कलाकार । तस्वीरः रासस

## फरक समाचार

# शक्तिशाली स्पेस हतियार

धर्तीमा आफ्नो ताकतको झन्डा फहराइसकेका देश यतिबेला अन्तरिक्षमा सबैभन्दा शक्तिशाली बन्ने होडमा छन् । विकसित देशहरूमा हाल स्पेस लडाइँ एउटा मुद्दा बनेको छ । धेरैजसो देशले स्पेस फोर्स मात्र बनाइरहेका छैनन्, बरु



थुप्रै स्पेस वेपन अर्थात् हतियार बनाएका छन् । यी हतियार यति खतरनाक छन् कि क्षणभरमैं आफ्नो लक्ष्यलाई नष्ट गर्न सक्छ । यस लेखबाट ५ खतरनाक स्पेस हतियारबारे जानकारी गराइएको छ ।

**मिसाइलः** स्पेस हतियारको सूचीमा सबैभन्दा पहिलो नाम मिसाइलको आउँछ । इनसाइक्लोपिडिया ब्रिटानिका अनुसार मिसाइलको इतिहास एक हजार वर्ष पुरानो छ । यद्यपि रकेटको प्रयोग सबैभन्दा पहिले कहिले भएको हो यसलाई लिएर कुनै तथ्य पत्ता लागेको छैन । तर यस्तो मानिन्छ कि रकेटको सुरुआत चीनबाट भएको हो । त्यसपछि युरोपले अपनायो । भारतमा रकेटको प्रयोग १८औं शताब्दीमा भएको थियो । द्वितीय विश्वयुद्धको क्रममा यो प्रविधि निकै विकसित भएको थियो र युद्धमा हजारौं मिसाइल छाडिएका थिए । स्पेस हतियारमध्ये मिसाइल एउटा खतरनाक हतियार हो ।

**द मैगनेटो हाइड्रोडायनेमिक एक्सप्लोसिभ म्युनिशनः** यसको घोषणा सन् २००८ मा भएको थियो । यो एउटा यस्तो डिभाइस हो, जसले पग्लिरहेको धातुको विस्फोट गर्छ । यस हतियारको कल्पना लेखक अर्थर सी क्लार्कको फिक्शनल पुस्तक अर्थलाइटमा सन् १९५५ मा गरिएको थियो ।


**प्रोजेक्ट थेलः** प्रोजेक्ट थेल अर्थात् द टेक्टिकल हाइ एनर्जी लेसर कार्यक्रमलाई सन् १९९६ देखि २००५ को बीचमा लगाइएको थियो । नोर्थरोप ग्रुम्मनका अनुसार यस प्रोजेक्टलाई अमेरिका र इजरायलले मिलेर शुरू गरेका थिए । एक दशकसम्म चलेको यस प्रोजेक्टले ४६ वटा मोर्टार राउन्ड, राकेट र आर्टिलरीलाई नष्ट गरेको थियो । हाल यो प्रोजेक्ट सक्रिय छैन तर नोर्थरोप ग्रुम्मन अनुसार अमेरिकी सेनाको लागि यस टेक्नोलोजीलाई पुनः तयार गरिंदै छ ।

**हतियार बन्द सेटेलाइटः** धर्तीको चारैतिर अन्तरिक्षमा थुप्रै सेटेलाइट घुमिरहेका छन् तर यो केवल मौसम वा अन्य जानकारी जम्मा गर्नको लागि हो । धेरैजसो देशले लुकेर हतियारबन्द सेटेलाइट पनि विकसित गरिरहेका छन् । आउटर स्पेस ट्रिटी अनुसार यस्तो सेटेलाइट तयार गर्नु नियमको उल्लङ्घन हो र यो पूर्णरूपले बन्देज पनि छ ।

**अल्माजः** अल्माज रूसको एउटा स्पेस स्टेशन हो । अमेरिकासँग शीतयुद्धको क्रममा सन् १९६० मा यसलाई बनाइएको थियो । यसलाई बनाउनुको उद्देश्य समुद्रमा लक्ष्य खोज्नु र त्यसलाई नष्ट गर्नु हो ।

# माइग्रेनमा दुबोको प्रयोग

प्रायः माइग्रेनको समस्या हुनेहरू तेज प्रकाश र कोलाहलबाट दिक्क हुन्छन् ।



यो दुखाइ दुई घण्टा वा दिनभरि पनि हुन सक्छ । माइग्रेन हुँदा औषधि सेवन गर्नु सही होइन । माइग्रेनको पीडाबाट मुक्त हुन केही घरेलु उपाय छन् ।

माइग्रेनको दुखाइमा औषधिको सहारा लिनु हानिकारक साबित हुन सक्छ । घरआँगन वरपर उम्रिने दुबोबाट पनि माइग्रेनलाई निको गर्न सकिन्छ । एक मुठी दुबोलाई मिक्सरमा राखेर पिस्ने र त्यसको रस निकाल्ने । यस रसमा एक चिम्टी मुलैठीको धूलो राम्ररी मिलाउने । यो रस दिउँसोको समयमा पिउनुपर्छ । लगातार एक महीनासम्म यो रस पानीसँग सेवन गर्दा माइग्रेनको समस्या कम हुन्छ ।

माइग्रेनबाट पीडितहरूले प्रतिदिन ७–८ वटा किसमिस र बदाम रातभरि पानीमा भिजाएर बिहान खाली पेट खानुपर्छ । यसले माइग्रेनको पीडालाई नियन्त्रित गर्छ । धनियाको बीउलाई सुकाएर घरमा यसको धूलो बनाउने र हरेक राति एक चम्चा पाउडरलाई एक कप पानीमा भिजाएर बिहान छानेर पिउनुपर्छ । यसमा मिश्री पनि मिसाएर पिउन सकिन्छ । नियमित प्रयोगपछि केही दिनमा माइग्रेन नियन्त्रित हुन्छ ।


माइग्रेन हुनुको मुख्य कारण दिनचर्या हो । तसर्थ दिनचर्यालाई सुधार गर्नुका साथै बाहिरको खाना, चिल्लो, पिरो खानुहुँदैन । पर्याप्त निदाउनुपर्छ । चिया–कफी तथा नशालु पदार्थ सेवन गर्नुहुँदैन । धेरैजसो मामिलामा माइग्रेनको दुखाइ आधा टाउको हुन्छ । यो दुखाइ यति तीव्र हुन्छ कि हरेक दिनको काम गर्न पनि समस्या हुन्छ । सम्पूर्ण टाउको, घाँटी र अनुहारसम्म दुखाइ फैलिन्छ । धेरैजसो माइग्रेनको समस्या महिलालाई हुन्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## सोयुज यानद्वारा ३८ वटा भूउपग्रह प्रक्षेपण

मस्को, ९ चैत/एएफपी

रसियाको सोयुज अन्तरिक्ष यानलाई ३८ वटा विदेशी भूउपग्रह लिएर सोमवार अन्तरिक्षतर्फ पठाइएको छ । कजाखस्तानस्थित बाइकोनुर अन्तरिक्ष केन्द्रबाट सोयुज यान सफलतापूर्वक प्रक्षेपण गरिएको रुसी अधिकारीहरूले बताएका छन् ।




विगतमा प्राविधिक कारणवश दुईपटक स्थगित गरिएको उडान आज सोमवार सफल भएको रुसी अन्तरिक्ष निकाय रोसकोसमोसले जनाएको छ । अन्तरिक्ष पठाइएका भूउपग्रहहरू दक्षिण कोरिया, जापान, क्यानडा, साउदी अरेबिया, जर्मनी, इटाली र ब्राजिलसमेत १८ वटा मुलुकका छन् ।

अन्तरिक्षमा प्रक्षेपण गरिएका भूउपग्रहमध्ये ट्युनिसिया आफैंले विकास गरेको भूउपग्रहसमेत रहेको छ । यो उपग्रह टेल्नेट दूरसञ्चार समूहले तयार पारेको हो ।

सोभियत सङ्घको पतनपछि रसियाको अन्तरिक्ष कार्यक्रमले धेरै किसिमका समस्या झेल्नुपरेको छ । खासगरी अन्तरिक्ष अभियानमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा बढेको छ भने रुसी अन्तरिक्ष कार्यक्रममा भ्रष्टाचार चुलिएको र प्रविधिगत सुधारमा कमी भएको आरोप लाग्दै आएको छ ।

सन् २०१८ मा रसियाली र अमेरिकी नासाका अन्तरिक्ष यात्री बोकेर उडेको एउटा सोयुज यानमा प्राविधिक गडबडी देखिएपछि सबै यात्री आपत्कालीनरूपमा सकुशल पृथ्वीमा अवतरण गरेका थिए । रासस

## जुलाईसम्ममा युरोपमा "हर्ड इम्युनिटी" तयार हुन्छ –युरोपेली आयुक्त

पेरिस, ९ चैत/एएफपी

कोरोना भाइरस महामारीका कारण ठूलै क्षति बेहोरेको युरोपमा आगामी जुलाई महीनासम्ममा "हर्ड इम्युनिटी" (सामूहिक रोगप्रतिरोधी क्षमता) निर्माण हुन सक्ने युरोपेली युनियनका एक आयुक्तले बताएका छन् ।

युरोपेली मुलुकहरूमा कोभिडविरुद्धको खोप पर्याप्त उपलब्ध नभएपछि चौतर्फी आलोचना खेप्दै आएको युरोपमा आयुक्तको यो पछिल्लो भनाइले अविश्वसनीय भएपनि केही आशाको किरण देखा परेको छ ।

कोभिडको तेस्रो लहर देखा परेको भन्दै युरोपका धेरै मुलुकमा फेरि लकडाउन र प्रतिबन्धहरू घोषणा गर्न थालिएका छन् । कोभिड सङ्क्रमण तीव्ररूपमा फैलिएपछि जारी गरिएका लकडाउनको विरोधमा पनि मानिसहरू सडकमा उत्रिएका छन् भने कोभिडको खोपको विश्वसनीयतामाथि शङ्का उत्पन्न भएपछि थप समस्या सिर्जना भएको छ ।

युरोपेली आयोगका आयुक्त थिएरी ब्रेटोनले जुलाई १४ सम्ममा अर्थात् अबका चार महीनाभित्रमा युरोपमा रोगप्रतिरोधी क्षमता (इम्युनिटी) तयार हुने बताएका छन् । फ्रान्सेली प्रसारक टिएफ–१ सँग कुरा गर्दै उनले भने, "कोरोना महामारीलाई परास्त गर्न एउटा मात्रै उपाय छ, त्यो हो खोप । अहिले बजारमा खोप उपलब्ध हुने क्रम बढेको छ ।"

फ्रान्सको एक तिहाइभन्दा बढी जनसङ्ख्या अहिले लकडाउनमा छ भने लकडाउन र कडा प्रतिबन्धका विरुद्धमा जर्मनी, आम्स्टर्डम, बुल्गेरिया र स्वीट्जरल्यान्डमा प्रदर्शन भइरहेका छन् ।

रगत जम्ने समस्या देखिएको आशङ्कामा अस्ट्राजेनिकाको खोप लगाउने क्रम स्थगित भएको र युरोपेली मुलुकमा अस्ट्राजेनिकाको खोपको उपलब्धतामा कमी आएकाले पनि युरोपमा समस्या देखिएको छ ।

तर युरोपेली औषधि नियामक निकायले अस्ट्राजेनिकाको खोप सुरक्षित र प्रभावकारी रहेको जनाएसँगै खोप अभियान पुनः शुरू भएको छ ।

आयुक्त ब्रेटोनले यही मार्च र जून महीनाबीचको अवधिमा युरोपमा कम्तीमा ३० देखि ३५ करोड डोज खोप उपलब्ध हुने विश्वास व्यक्त गरे । उनले युरोपमा ५५ वटा कारखानाबाट खोप उत्पादन हुने भएकाले पनि खोपको उपलब्धतामा समस्या नरहने बताए । रासस

## ब्रजीलमा एकै दिन १ हजार २०० भन्दा बढीको मृत्यु

साओ पाओलो, ९ चैत/सिन्हुवा

ब्राजीलमा कोभिड–१९ को सङ्क्रमणबाट एकै दिनमा एक हजार २९० जनाको ज्यान गएको बताइएको छ । आइतवार यहाँका स्वास्थ्य अधिकारीहरूले दिएको समाचार अनुसार यहाँ एकै दिनमा १ हजार २९० जनाको यस सङ्क्रमणबाट निधन भएको हो ।

योसँगै ब्रजीलमा अहिलेसम्ममा ज्यान जाने व्यक्तिको सङ्ख्या २ लाख ९४ हजारभन्दा बढी पुगेको बताइएको छ । ब्रजीलका स्वास्थ्य अधिकारीहरूले आइतवार सो कुरा बताएका हुन् ।

यसैगरी, आइतवारसम्ममा यहाँ यो सङ्क्रमणबाट यहाँका १ करोड १९ लाख ९८ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुन पुगेको पनि यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले जानकारी दिएका छन् ।

ब्रजीलको स्वास्थ्य मन्त्रालयले आइतवार दिएको जानकारीमा यहाँ पछिल्लो समयमा मृत्यु हुने प्रतिशत पनि दिन प्रतिदिन बढ्दै गएको छ । यहाँ कोरोनाको नयाँ प्रजातिको भाइरसको पनि प्रकोप देखिएको ती अधिकारीले जनाएका छन् ।

ब्रजीलका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँका प्रति एक लाखजनामा ५ हजार ४८२ जनामा यो सङ्क्रमण हुने गरेको छ । त्यस्तै, यहाँका प्रति एक लाख जनसङ्ख्या सङ्क्रमणमा कम्तीमा पनि १३३ जनाको ज्यान जाने गरेको पनि बताइएको छ ।

ब्रजीलको साओ पाओलो शहर शुरूदेखि नै यो सङ्क्रमणको एक किसिमले केन्द्रबिन्दुको रूपमा रहेको पनि पाइएको छ । यस शहरका स्वास्थ्य संस्थाहरू भरिएका छन् भने ती संस्थाका करीब ९१ प्रतिशत जति आकस्मिक कक्ष पनि भरिएको पाइएको छ । त्यसैगरी, यसअघि यहाँको मृत्युदर पनि पहिले ६० वर्षभन्दा माथिका नागरिकको बढी रहेकोमा पछिल्लो समयमा भने यहाँ कोरोना सङ्क्रमणबाट ६० वर्षभन्दा कम उमेरका नागरिकको मृत्युदर बढेको पाइएको पनि बताइएको छ ।

### भारतमा कोरोना सङ्क्रमित र मृतकको सङ्ख्या बढ्दै

नयाँ दिल्ली, ९ चैत/सिन्हुवा

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्यामा फेरि वृद्धि हुन थालेको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा करीब ४७ हजारजना सङ्क्रमित भएका छन् ।

गत २४ घण्टामा कोरोना सङ्क्रमितको यो सङ्ख्या यस वर्ष शुरू भएयताको नै सबैभन्दा बढी हो । यस अवधिमा कोरोना सङ्क्रमणबाट २१२ जनाको मृत्यु भएपछि यहाँ कुल मृतकको सङ्ख्या एक लाख ५९ हजार ९६७ पुगेको सोमवार सो मन्त्रालयले जनाएको छ ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड १६ लाख ४६ हजार ८१ पुगेको मन्त्रालयले जानकारी दिएको छ । कुल सङ्क्रमितमध्ये तीन लाख ३४ हजार ६४६ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन् भने कुल एक करोड ११ लाख ५१ हजार ४६८ जना सङ्क्रमणमुक्त भएका छन् । भारतमा जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरू भएको थियो । सो समयदेखि हालसम्म चार करोड ५० लाखभन्दा बढी मानिसले खोप लगाइसकेका छन् ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा गत २४ घण्टामा ८२३ जनामा कोरोना भाइरस देखिएको र एकजनाको मृत्यु भएको हो । नयाँ दिल्लीमा कोरोना शुरू भएदेखि यता हालसम्म १० हजार ९५६ जनाको मृत्यु भइसकेको छ ।

त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ । परिषद्का अनुसार आइतवारसम्म भारतमा २३ करोड ४० लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ । आइतवार एकै दिनमा १० लाख ६३ हजारजनाको कोरोना परीक्षण गरिएको थियो । रासस

## अफगानिस्तानका राष्ट्रपति र अमेरिकी रक्षामन्त्रीबीच भेटवार्ता

काबुल, ९ चैत/सिन्हुवा

अफगानिस्तानका राष्ट्रपति असरफ घानी र अमेरिकी रक्षामन्त्री लियोड अस्टिनबीच आइतवार अफगानिस्तानको राजधानी काबुलमा भेटवार्ता भएको छ ।

उनीहरूबीच त्यस भेटका क्रममा अफगानिस्तानमा अशान्ति मच्चाइरहेका तालिबानहरूका विषयमा कुराकानी भएको थियो । तालिबानहरूसँग शान्ति वार्ता गर्ने विषयमा पनि सो कुराकानी भएको बताइएको छ ।

सो वार्ताका क्रममा अफगानिस्तानका राष्ट्रपति घानी र अमेरिकी रक्षामन्त्री अस्टिनले अफगानिस्तानमा तालिबानहरूले गरिरहेका हिंसाका बारेमा चिन्ता व्यक्त गरेका थिए । अमेरिकी रक्षामन्त्री अस्टिन आइतवार बिहान अफगानिस्तान पुगेका थिए । उनले सो वार्ताका क्रममा अमेरिका अफगानिस्तानको सरकार र तालिबानका बीचमा शान्ति वार्ताका लागि सहजीकरण गर्ने काममा तयार रहेको धारणा राखेका थिए । रासस

## राष्ट्रिय गैँडा गणना पर्सा निकुञ्जबाट शुरू

प्रस, मकवानपुर, ९ चैत/

राष्ट्रिय गैँडा गणना अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको गैँडा गणना कार्य सोमवारदेखि शुरू भएको छ । पर्सा राष्ट्रिय निकुञ्जको मनहरी गाउँपालिका –७ रमौली प्रतापपुरबाट गणना शुरू गरिएको हो ।


राष्ट्रिय गैँडा गणनाका क्रममा पर्सा राष्ट्रिय निकुञ्जको प्रतापपुरमा सोमवार तयारी गरिँदै । तस्वीरः रासस

वन तथा भूसंरक्षणमन्त्री प्रेम आलेमगरले सोमवार बिहान रमौली प्रतापपुरबाट गणनाको शुभारम्भ गरेका हुन् । गैँडा गणनाका लागि हात्तीका लस्कर लागेका छन् ।

प्रतापपुरबाट हात्तीमाथि चढेर चितवनको सौराहामा औपचारिक कार्यक्रम गरिने मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले बताए । ६ वर्षपछि गैँडा गणना हुन लागेको हो । सन् २०१५ को गणनामा नेपालमा ६ सय ४५ वटा गैँडा थिए । त्यस बेला चितवन निकुञ्जमा मात्रै ६ सय ५ वटा गैँडा पाइएको थियो । ६ वर्षको अवधिमा चितवन राष्ट्रिय निकुञ्ज र आसपासका वनक्षेत्रमा समेत १ सय ६१ वटा गैँडा मरेका सो निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले जानकारी दिए ।

मरेकामध्ये चोरी शिकारीले ६ वटा गैँडा मरेको रेकर्ड छ भने १ सय ५५ वटा बूढो भएर र प्राकृतिक कालगतिसँगै केही दुर्घटनामा परेर मरेका बरालले बताए ।

पाँच/पाँच वर्षमा गैँडा गणना गर्ने सरकारको नीति भएपनि अघिल्लो वर्ष कोरोनाका कारण गणना हुन सकेको थिएन । पर्सा निकुञ्जको प्रतापपुरबाट शुरू भएको गणना चितवन सम्पन्न गरेर मात्रै अन्यत्र लाग्नेछ । दुवै निकुञ्जको क्षेत्रमा रहेका गैँडा गणनाका लागि ६० वटा हात्ती प्रयोग गरिएको पर्सा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ । गैँडाको राष्ट्रिय गणना कार्यक्रम अनुसार पर्सा र चितवनपछि बर्दिया, बाँके राष्ट्रिय निकुञ्जलगायतको क्षेत्रमा गणना गरिनेछ ।

## अकोराव प्रदेश २ को बैठक सम्पन्न

प्रस, महोत्तरी, ९ चैत/

सामुदायिक रेडियो प्रसारक सङ्घ


तस्वीरः सौजन्य

(अकोराव) प्रदेश नं २ को मुख्यालय स्थल छनोट गर्ने निर्णय भएको छ ।

सोमवार महोत्तरीको बर्दिबासमा सम्पन्न पहिलो बैठकले जनकपुर र बर्दिबासमध्ये एक स्थानमा प्रदेश कार्यालय खोल्ने निर्णय गरेको हो ।

दुई स्थानमध्ये कुनै पनि एक स्थानमा कार्यालय सञ्चालन भएमा आफूहरूलाई मान्य हुने भन्दै प्रदेश समितिका सदस्यहरूले स्थान छनोट गर्ने र कार्यालय सञ्चालनसमेत गर्ने जिम्मेवारी समितिका पदाधिकारीहरूलाई सुम्पिएको सहभागीहरूले बताएका छन् । प्रदेश अध्यक्ष मनोजकुमार यादवको अध्यक्षतामा सम्पन्न बैठकले प्रदेश कार्यसमितिको बैंक खाता सञ्चालन गर्ने, संस्थामा आबद्ध सदस्यहरूको क्षमता अभिवृद्धि एवं सङ्गठनात्मक सुदृढीकरण गर्नेलगायतका सम्बन्धमा निर्णय गरेको अकोराव प्रदेश २ की उपाध्यक्ष उपासना तिवारीले बताएकी छन् ।

समितिका सचिव अच्युत पौडेलले सहजीकरण गरेको बैठकमा अकोराव प्रदेश २ का इन्चार्ज जिवछ चौधरी पनि सहभागी थिए ।

## थप १५० जनामा कोभिड सङ्क्रमण

काठमाडौं, ९ चैत/रासस

देशभर पछिल्लो २४ घण्टामा थप १५० जनामा कोभिड–१९ को सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार ४७२ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । त्यस्तै, पछिल्लो समय कोरोनाका कारण तीनजनाको मृत्यु भएको छ । आजसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमित दुई लाख ७६ हजार ५६ पुगेका छन् । त्यस्तै, पछिल्लो समय थप ९९ जना निको भएका छन् । यससँगै निको हुने दुई लाख ७२ हजार २० र निको हुने दर ९८ दशमलव ५ प्रतिशत छ । अहिले देशभर एक हजार १७ सक्रिय सङ्क्रमित छन् । हालसम्म नेपालमा २२ लाख ४० हजार ९८९ जनाको पिसिआर परीक्षण भएको छ । हालसम्म तीन हजार १९ जनाले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ ।

लोकसेवाको तयारी
निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)
शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह
ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

आजको राशिफल
मेष – राज्यलाभ
वृष – धनलाभ
मिथुन – अन्नलाभ
कर्कट – खर्चवृद्धि
सिंह – प्रसन्नता
कन्या – पदोन्नति
तुला – ईश्वरभक्ति
वृश्चिक – अलमल
धनु – नारीसुख
मकर – धनलाभ
कुम्भ – सन्तानसुख
मीन – वाहनकष्ट
ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# प्राथमिकताको आधारमा योजना छनोट गर्नुपर्छ -नगरप्रमुख

प्रस, वीरगंज, ९ चैत/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले प्राथमिकताको आधारमा योजना तर्जुमा गर्नुपर्ने बताएका छन् ।




प्रदेश २ सरकारको नीति आयोगले वीरगंजमा आयोजना गरेको बजेट तर्जुमा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी गोष्ठीमा उनले योजना प्रभावकारी कार्यान्वयनका लागि अनुगमन नियमित हुनुपर्ने बताए । उनले योजनाहरूको प्राथमिकीकरण गरेर मात्रै योजना छनोट गर्नुपर्ने र त्यसलाई पूर्णरूपमा सम्पन्न गर्न अनुगमन र खबरदारी आवश्यक रहेको बताए ।

नगरप्रमुख सरावगीले कतिपय योजनाहरू अहिले राजनीतिक दलका कार्यकर्ताहरूलाई भर्ना गर्न र पाल्ने खालको भएको भन्दै त्यसमा सुधार गर्नुपर्ने बताए ।

प्रदेश २ नीति आयोगका उपाध्यक्ष डा भोगेन्द्र झाको अध्यक्षतामा भएको कार्यक्रममा पर्साको स्थानीय तहका प्रमुखलगायतको उपस्थिति थियो । कार्यक्रमको सहजीकरण प्रदेश २ का आर्थिक तथा योजना मन्त्रालयका सचिव काशीराज दाहालले गरेका थिए ।

यसैबीच, नगरप्रमुख सरावगीसँग भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले भेटघाट गरेका छन् । कामविशेषले वीरगंज आएका नगरप्रमुख प्रजापतिले सरावगीसँग भेट गर्दै वीरगंज महानगरले गरेको विकासबारे जानकारी लिएका थिए । भेटको क्रममा नगरप्रमुख सरावगीले प्रजापतिलाई वीरगंज महानगरले गरेका कार्य, समस्या र चुनौतीबारे जानकारी गराएका थिए ।

# हार्डवेयर पसलमा लाखौंको चोरी

प्रस, सिम्रौनगढ, ९ चैत/

सिम्रौनगढ नगरपालिका–६ स्थित प्रीति हार्डवेयरबाट गएराति लाखौं नगद चोरी भएको छ ।




इलाका प्रहरी कार्यालय, सिम्रौनगढनजीक रहेको हार्डवेयर पसलबाट गएराति चोरहरू भेन्टिलेशनबाट पसेर १६ लाख ५० हजार रुपैयाँ नगद चोरी गरेको हार्डवेयर पसलका सञ्चालक राकेश कुशवाहाले बताए । उनले चोरहरूले काउन्टरको दराजमा राखेको साढे १६ लाख नगद चोरी गरेको बताए । सिम्रौनगढ नपा–३ नैकाटोल निवासी कुशवाहाले इप्रका सिम्रौनगढअगाडि हार्डवेयर पसल सञ्चालन गर्दै आएका छन् । पसल प्रहरी कार्यालयअगाडि भएकै कारण चोरी हुने सम्भावना नदेखेर उनले पार्टीलाई भुक्तानीको लागि आएको रकम पसलमैं राखेको बताए ।

# मोटरसाइकल दुर्घटनामा किशोरको ज्यान गयो

प्रस, सप्तरी, ९ चैत/

सप्तरीको राजविराज सडकमा मोटरसाइकल दुर्घटना हुँदा एकजना किशोरको ज्यान गएको छ । सोमवार बिहान भएको दुर्घटनामा अर्को एकजना किशोर गम्भीर घाइते भएका छन् ।

ज्यान जानेमा मोटरसाइकल चालक सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं ४ का १५ वर्षीय विवेककुमार मण्डल हुन् । मोटरसाइकलको पछाडि सिटमा बसेका सप्तरी हनुमाननगर कङ्कालिनी इनरुवाका १५ वर्षीय कौशलकुमार मण्डल गम्भीर घाइते भएको प्रहरीले जनाएको छ । सप्तरीको राजविराजबाट हनुमाननगरतर्फ अनटेस्ट मोटरसाइकल चढेर जाँदै गरेको अवस्थामा मोटरसाइकल चालक किशोर विवेककुमारले हात छाडेर तीव्र गतिमा मोटरसाइकल कुदाउँदा दुर्घटना भएको घाइते कौशलकुमारले बताएका छन् ।

जिल्लाको राजविराज नगरपालिका–१५ खाँडो पुलनजीक मोटरसाइकल दुर्घटना भएको हो । दुर्घटनामा परेका दुवै जनालाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइएकोमा उपचारकै क्रममा विवेकको मृत्यु भएको र कौशलको उपचार चलिरहेको तर अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




# खेलकूदको संसार

## मेयर कपमा तिलाठी कोइलाडी र टिभिएस किंग्स विजयी

महबुब रजा, राजविराज, ९ चैत/

तेस्रो संस्करणको राजविराज मेयर कप सप्तरी प्रिमियर लिग अन्तर्गत दोस्रो दिन सोमवार भएका दुईवटा खेलमा तिलाठी कोइलाडी जायन्ट्स र टिभिएस किंग्स राजविराजले जीत हात पारेका छन् ।

राजविराज रङ्गशालामा सम्पन्न पहिलो खेलमा दीपेन्द्र सिंह ऐरी कप्तान रहेको तिलाठी कोइलाडी जायन्ट्सले विवेक यादव कप्तानीको बजाज खडक वारियर्सलाई ४ विकेटअन्तरले पराजित गऱ्यो । बजाज खडक वारियर्सले दिएको १०० रनको





लक्ष्य तिलाठी कोइलाडी जायन्ट्सले १७.४ ओभरमा ६ विकेटको क्षतिमा पूरा गरेर विजयी भएको हो । तिलाठी कोइलाडी जायन्ट्सको लागि ओपनर आशिष झाले सर्वाधिक ६५ रन बनाए । उनले ५० बलमा ८ चौका र ३ छक्का प्रहार गरेका थिए । सो खेलमा दीपेश कँडेलले अविजित १३ रन बनाए । कप्तान दीपेन्द्र सिंह ऐरीले १ रन मात्र बनाउन सके ।

बजाज खडक वारियर्सको बलिङमा भुलावन सहनीले सर्वाधिक ३ विकेट लिए भने अनिल खरेल, विवेक यादव र पवन सर्राफले समान १/१ विकेट लिएका थिए । यसअघि टस जितेर ब्याटिङ गरेको बजाज खडक वारियर्सले १९.३ ओभरमा सम्पूर्ण विकेट गुमाएर ९९ रन बनाएको थियो ।

वारियर्सको लागि अनिल साहले सर्वाधिक २२, कप्तान विवेक यादवले २१, पवन सर्राफ र नीरज यादवले समान १४ र पप्पु यादवले १० रन बनाएका थिए । तिलाठी कोइलाडी जायन्ट्सको बलिङमा दायाँ हाते फास्ट बलर आदिल अन्सारीले सर्वाधिक ४ विकेट लिए । यस क्रममा ३.३ ओभरमा २० रन खर्चिए । राशिद खान र दीपेश कँडेलले समान २/२ विकेट लिए । दुवै बलरले ४ ओभरमा मात्र १३ रन खर्चिए । कप्तान ऐरी र मनीष मण्डलले समान १ विकेट लिएका थिए ।

पहिलो खेलको प्लेयर अफ द म्याच तिलाठी कोइलाडीका आशिष झा घोषित भए ।

दोस्रो दिनको दोस्रो खेलमा टिभिएस किंग्स राजविराजले बोदे बर्साइन थन्डर्सलाई सुपर ओभरमा पराजित गरेको छ । टिभिएस किंग्स राजविराजले दिएको १५७ रनको लक्ष्य पछ्याउने क्रममा बोदे बर्साइन थन्डर्सले २० ओभरमा ७ विकेट गुमाएर १५६ रन बनाएपछि खेल सुपर ओभरमा पुगेको हो ।

सुपर ओभरमा पहिले ब्याटिङ गरेको बोदे बर्साइनले मात्र ४ रन बनाएको थियो । ५ रनको लक्ष्य टिभिएस किंग्सले ३ बलमा भेटायो । बोदे बर्साइन थन्डर्सको ब्याटिङमा योगेन्द्र सिंह कार्कीले सर्वाधिक ४६ रन बनाए । उनले २५ बलमा ५ चौका र २ छक्का प्रहार गरेका थिए । यस्तै, अविनाश कर्णले ४३ बलमा ४ चौकाको मदतले ४२ रन बनाए । नारायण जोशीले २२ तथा अमित दासले १७ रन बनाएका थिए ।

टिभिएस किंग्सको बलिङमा रोहित सिंह र दिनेश अधिकारीले समान २ विकेट तथा मेहबुब आलम र सुरज कुर्मीले समान १ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको टिभिएस किंग्स राजविराजले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १५६ रन बनाएको थियो ।

टिभिएस किंग्सको लागि दिनेश अधिकारीले सर्वाधिक ५१ रनको योगदान दिए, जसमा उनले २८ बलमा ५ चौका र ३ छक्का प्रहार गरे । यस्तै, सोनु अन्सारीले ३०, सुरजप्रसाद कुर्मीले २५, प्रशान्त सिंहले २१ तथा रोबिन सिंहले अविजित १० रन बनाए । कप्तान मेहबुब आलम खाता नखोली आउट भएका थिए ।

बोदे बर्साइन थन्डर्सको बलिङमा विशाल सुश्लिङ, वसन्त रेग्मी र सिद्धान्त लोहनीले समान २ विकेट लिए । सो खेलको प्लेयर अफ द म्याच दिनेश अधिकारी चुनिए ।

लिग अन्तर्गत मङ्गलवार पनि दुईवटा खेल सञ्चालन हुनेछन् । बिहान ९ बजे शुरू हुने पहिलो खेलमा रूपनी राइडर्स र तिलाठी कोइलाडी जायन्ट्स तथा दिउँसो १ बजे शुरू हुने दोस्रो खेलमा बोदे बर्साइन थन्डर्स र बजाज खडक वारियर्सले प्रतिस्पर्धा गर्ने आयोजक समितिले जानकारी गराएको छ ।

# शिक्षामा महानगरले हस्तक्षेप गरेको आरोप

प्रस, वीरगंज, ९ चैत/

वीरगंज महानगरपालिकाले शैक्षिक क्षेत्रमा हस्तक्षेप गरेको भन्दै नेपाल लोकतान्त्रिक शिक्षक फेडरेशन, पर्साले विरोध जनाएको छ ।


अध्यक्ष लक्ष्मण साह

फेडरेशनका अध्यक्ष लक्ष्मणप्रसाद साहले विज्ञप्ति जारी गरी विद्यालयको खातामा रकम जम्मा गरी शीर्षक अनुसार खर्च गर्नुपर्ने र सोको अनुगमन गर्नुपर्नेमा महानगरले हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आफैंले सामान खरीद गर्ने र विद्यालयमा बुझाएर सोबापत चेक लिने गरेकोमा आपत्ति जनाएका हुन् ।

अध्यक्ष साहले वीरगंज महानगरपालिकाका विद्यालयहरूमा सञ्चालित दिवाखाजाको रकम पनि विद्यालयलाई नदिएर दिवाखाजा टेन्डरमार्फत ठेकेदारलाई सुम्पिएकोमा आपत्ति जनाए । उनले सो रकम सम्बन्धित विद्यालयको खातामा पठाएर दिवाखाजा व्यवस्थित गर्न आग्रह गरे ।

यसैगरी शिक्षकहरूको अधूरो दरबन्दी मिलान, विषयगत, तहगत र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकहरूको दरबन्दी कायम गर्न आग्रह गरे । आग्रहलाई बेवास्ता गरिए आन्दोलनमा उत्रन बाध्य हुने उनले चेतावनी दिए ।

# सदस्यता माग्दै पत्रकार महासङ्घमा तालाबन्दी

प्रस, रौतहट, ९ चैत/

रौतहटका सक्रिय पत्रकारहरूलाई सदस्यताबाट वञ्चित गराएको भन्दै सदस्यताबाट वञ्चित गराउने कार्य गरेको सञ्चारकर्मीहरूको आरोप छ । योग्यता पुगेका सञ्चारकर्मीहरूलाई अविलम्ब नयाँ




नेपाल पत्रकार महासङ्घ रौतहट शाखाको कार्यालयमा तालाबन्दी गरिएको छ । रौतहट शाखाका अध्यक्ष रवीन्द्र साह कार्यालयमा बसिरहेका बेला उनलाई बाहिर निकाली सञ्चारकर्मीहरूले तालाबन्दी गरेका हुन् ।

जिल्लाका क्रियाशील सञ्चारकर्मीहरूले विगतमा नयाँ सदस्यताको लागि पटक–पटक रौतहट शाखा र प्रदेश समिति २ मा निवेदन दिए पनि ध्यान नदिएको र महासङ्घको सदस्यता वितरण गर्न उनीहरूले माग गरेका छन् ।

असन्तुष्ट पक्षले महासङ्घ अध्यक्ष साहलाई ज्ञापनपत्र बुझाउँदै सदस्यता पाउने अधिकारबाट वञ्चित नगर्न आग्रह गरेका छन् । माग पूरा नभएमा चरणबद्ध आन्दोलन गर्ने उनीहरूले चेतावनी दिएका छन् । सदस्यता नपाएका सञ्चारकर्मीहरूले रौतहट सदरमुकाम गौर नगरको विभिन्न भाग परिक्रमा गरी महासङ्घको कार्यालय पुगेका थिए ।

हाल बजारमा विभिन्न उद्योगका एलपी ग्यास सिलिन्डरहरू ज्यादै पुराना भएका, कुच्चिएका एवं सिलिन्डर निर्माण मिति र सिलिन्डर प्रयोग गर्ने मिति समेत मेटिएका सिलिन्डरहरू बिक्री वितरण एवं दैनिक प्रयोगमा रहेको पाइएकोले त्यस्ता ग्याँस सिलिन्डर प्रयोग गर्नु सुरक्षात्मकरूपमा जोखिमपूर्ण भई जीउधनको समेत क्षति हुन सक्ने भएकोले नेपाल आयल निगम लिमिटेडको एलपी ग्यास विनियमावली, २०६५ (संशोधनसहित)को विनियम १६ मा उल्लेख भएअनुरूप उद्योगहरूले अनिवार्यरूपमा ग्यास भरी सिलिन्डर बिक्री वितरण गर्नुपर्ने बेहोरा सम्पूर्ण ग्यास उद्योगी, वितरक, विक्रेताहरूलाई सूचित गरिन्छ । आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागबाट अनुगमन गर्दा तोकिएबमोजिम ग्यास र सोको सिलिन्डर बिक्री वितरण भएको नपाइएमा कानूनबमोजिम कडा कारबाही गरिनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग